मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : १०१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ फागुन १५ गते शनिवार (Saturday, February 27. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

संकटमा लैगिङ्क हिंसाको
रोकथाम, तीनै तहका
सरकारले निर्माण गरौं
नयाँ आयाम

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

आफ्नै जिल्लामा अल्पमतमा प्रधानमन्त्री ओली

झापा, फागुन १४। नेपाल कम्युनिष्ट पार्टी नेकपाका अध्यक्ष केपी शर्मा ओली आफ्नै गृह जिल्ला झापामा अल्पमतमा परेका छन् ।

प्रधानमन्त्री समेत रहेको ओलीको पकड जिल्लाका रुपमा हेरिएको झापा नेकपाभित्रको आन्तरिक कलहले ओली समूह कमजोर देखिएको हो । साविकको जिल्ला कमिटीमा ओली पक्ष अहिले अल्पमतमा छ । यता दाहाल-नेपाल समूह भने अहिले बहुमतमा छ ।

१७५ सदस्यीय जिल्ला कमिटीमा ६५ जना ओली पक्षमा छन् । ११० जना दाहाल-नेपाल समूहमा रहेको विजय साम्पाङ राईले जानकारी दिए । जसका कारण झापामा ओली पक्ष कमजोर देखिएको छ । प्रकाश भण्डारी, रामकुमार राई, किरण गुरागाईं र अर्का एकजना जिल्ला सदस्य ध्रुवीकरण अभियानमा लागेका छन् ।

यसैबीच ओलीको गृहजिल्ला झापामा नेकपाका दुई अध्यक्षले पार्टी सञ्चालन गरेका छन् । उनीहरुले नेकपाभित्र नै गुटगत रुपमा

(बाँकी अन्तिम पृष्ठमा)

गौरादहका शिक्षक धर्नामा

गौरीगञ्ज, फागुन १४। गौरादह शिक्षक महासंघ नगर समितिले नगरपालिका कार्यालय अगाडि शुक्रबार धर्ना दिएको छ ।

गौरादह नगरपालिकाले शिक्षा बजेटमा व्यापक कटौती गरेको भन्दै शिक्षक महासंघ नगरसमितिको अगुवाईमा सामुदायिक विद्यालयका शिक्षकहरूले तीन घण्टा धर्ना दिएका हुन् । शिक्षकहरूले नारावाजी गर्दै प्ले कार्ड र व्यानर सहित जनता मावि विद्यालयदेखि गौरादह

(बाँकी अन्तिम पृष्ठमा)

"बिर्तामोड उद्योग वाणिज्य संघको आवश्यकता : व्यवसायिक, कर्मठ एवम् जिम्मेवार नेतृत्वको प्रतिवद्धता"

बिर्तामोड उद्योग वाणिज्य संघको निर्वाचन २०७७ का लागि

संयुक्त व्यवसायी प्यानलका उम्मेद्वारहरू

लाई मनैदेखि मतदान गरी विजयी गराइदिनुहुन अपिल गर्दछौं ।

क्र.सं. २ सुवास भट्टराई अध्यक्ष

क्र.सं. १ नारायणप्रसाद चिमरिया वरिष्ठ उपाध्यक्ष

क्र.सं. १ प्रकाश घिमिरे उद्योग उपाध्यक्ष

क्र.सं. २ रामकृष्ण अधिकारी वाणिज्य उपाध्यक्ष

उर्मिला बिमली खरेल जनसम्पर्क उपाध्यक्ष

क्र.सं. २ दुर्गाप्रसाद थपलिया कोषाध्यक्ष

क्र.सं. १ अर्जुनकुमार मैनाली महासचिव

क्र.सं. १ कृष्ण पौडेल वाणिज्य सचिव

क्र.सं. २ धनबहादुर डाँगी (डिबी) उद्योग सचिव

क्र.सं. १ रञ्जु प्याकुरेल बराल सह-कोषाध्यक्ष

क्र.सं. १ गुञ्जन प्रसाई सदस्य

क्र.सं. २ गोविन्द कार्की सदस्य

क्र.सं. ३ गौरीशंकर गुप्ता (टिंकु) सदस्य

क्र.सं. ७ बलबहादुर लिम्बु (बिशन) सदस्य

क्र.सं. १० भगिरथ लुइटेल सदस्य

क्र.सं. १३ सूर्यकुमार खतिवडा सदस्य

उदय शंकर साहा सदस्य

क्र.सं. २ रूची शिवाकोटी महिला सदस्य

क्र.सं. ३ सोनी अग्रवाल महिला सदस्य

मनैदेखि मतदान गरी अत्यधिक मतले विजयी गराइदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

हामी बनाउँछौं बिर्तामोडलाई

निर्वाचन परिचालन तथा प्रचार प्रसार समिति

गरी खाने उद्यमशीलताको सुनिश्चितता, लोकतन्त्रको प्रतिबद्धता ।

बन्द-हड्ताल र चन्दामुक्त बिर्तामोड हाम्रो अभियान- सुरक्षित व्यवसायिक वातावरण हाम्रो स्वाभिमान । हाम्रो चाहना, सबैको भावना-व्यवसायिक हित र एकता आजको आवश्यकता ।।

लोकतान्त्रिक व्यवसायिक प्यानलको साझा प्रतिबद्धताहरु

क्रम संख्या १ प्रकाश शिवाकोटी अध्यक्ष

क्रम संख्या २ राजु न्यौपाने वरिष्ठ उपाध्यक्ष

क्रम संख्या २ सञ्जीव घिमिरे उद्योग उपाध्यक्ष

क्रम संख्या १ राजकुमार घिमिरे (राजु) वाणिज्य उपाध्यक्ष

क्रम संख्या १ नैनकला भट्टराई जनसम्पर्क महिला उपाध्यक्ष

क्रम संख्या २ रवीन्द्र भट्टराई महासचिव

क्रम संख्या १ कुशल खतिवडा उद्योग सचिव

क्रम संख्या २ राजकुमार शाह वाणिज्य सचिव

क्रम संख्या १ दिपेन्द्र राउत कोषाध्यक्ष

क्रम संख्या २ राधिका चुडाल हुमागाई सह-कोषाध्यक्ष

क्रम संख्या ४ जीवन कुमार खड्का सदस्य

क्रम संख्या ५ दीपक निरौला सदस्य

क्रम संख्या ६ पुकार बराल सदस्य

क्रम संख्या ८ बलराम रिठौला (राम) सदस्य

क्रम संख्या ९ विशाल थापा सदस्य

क्रम संख्या ११ मनोज शाह (रौनियार) सदस्य

क्रम संख्या १२ सन्नी गोयल सदस्य

क्रम संख्या १ तुलसा सुवाल ढकाल महिला सदस्य

हाम्रो प्रतिबद्धता

१) सदैव उद्योगी व्यवसायीको हकहित, सुरक्षा र संरक्षणमा क्रियाशील रहने ।
२) उद्योगी व्यवसायी तथा उद्योग व्यवसाय क्षेत्रलाई शान्ति सुरक्षाको पूर्ण प्रत्याभूति दिलाउँदै रात्रिकालीन बजार सञ्चालनको वातावरण बनाउने ।
३) बिर्तामोडलाई बन्द, हड्ताल र चन्दामुक्त बनाउँदै सुरक्षा प्रशासन, राजनीतिक दल, सरोकारवालासंगको सहकार्यबाट सुरक्षित र शान्तिपूर्ण व्यवसायिक वातावरण बनाउने ।
४) सबै उद्योगी व्यवसायीको सल्लाह, सुझाव र सहकार्यबाट बिर्तामोडलाई व्यवसायमैत्री बनाउँदै सबै उद्योगी व्यवसायीको भावना अनुरुप सामुहिक र साझा रुपमा संघका गतिविधिलाई अघि बढाउने
५) समयानुकुल संघको संस्थागत र अतिथि सदनको लगायतका भवनको भौतिक विकास र विस्तार गर्ने
६) प्रत्येक व्यवसायीको विवरण डिजिटल प्रविधिमा राखी व्यवसायीलाई स्मार्ट परिचयपत्र वितरण गर्ने
७) हरेक उद्योगी व्यवसायीप्रति संघको नेतृत्वलाई जिम्मेवार र जवाफदेही बनाउदै संघका हरेक गतिविधि पारदर्शी बनाउने ।
८) विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस संक्रमणबाट खस्किएर धरासायी भएको उद्योग व्यवसायलाई सवल र सक्षम बनाउन आवश्यक सबै पहल गर्ने ।
९) धरासायी भएको उद्योग, व्यवसायलाई प्रबर्द्धन गर्न स्थानीय, प्रदेश र संघीय सरकारसाग पहल गरी करको दरलाई न्यूनीकरण गर्ने ।
१०) महिला उद्यमशीलताको विकास गर्न सामुहिक महिला व्यवसायिक सेन्टर निर्माण गरी महिलाहरुले उत्पादन गरेका मालवस्तुहरुको प्रवर्द्धन र बजारीकरण गर्ने ।
११) महिलालाई उद्यमशील बन्न प्रोत्साहित गर्नुका साथै महिलाले सञ्चालन गरेका उद्योग व्यवसाय प्रबर्द्धनमा सहज ऋण लगायतका आवश्यक कार्यको व्यवस्थापनमा पहल गर्ने ।
१२) आन्तरिक राजश्व कार्यालयसंगको सहकार्यमा उद्योगी व्यवसायीका लागि पान, भ्याट लगायतका समस्या समाधान तथा आवश्यक प्रशिक्षणको व्यवस्था गर्ने ।
१३) नापतौल विभागसंग समन्वय गरी नापतौल ढक तराजु नवीकरण, अपग्रेट लगायतका समस्या समाधान गर्ने
१४) खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयसंग सरोकार राख्ने व्यवसायीहरुका समस्या उक्त कार्यालयसंगको समन्वय र सहकार्यबाट समाधान गर्ने
१५) घरधनी र व्यवसायीहरुबीच घरवहालमा देखिएको कतिपय असमझदारीलाई स्थानीय निकाय समेतको समन्वयमा समाधान गर्ने ।
१६) नेपाल उद्योग वाणिज्य महासंघ र तीनै तहका सरकारको सहकार्यमा बिर्तामोड क्षेत्रलाई देशकै व्यवसायिक हब बनाउन पहल गर्ने
१७) उद्योग व्यवसाय सञ्चालन गर्न विभिन्न समस्याहरु देखिएका कारण आवश्यक प्रबन्ध मिलाई लगानीमैत्री वातावरण सृजना गर्ने ।
१८) उद्योग व्यवसाय सञ्चालन गर्ने क्रममा देखिएका कतिपय कानूनी कठिनाईहरु र झञ्झटिला प्रक्रियाहरुलाई सरल बनाउनका लागि सहजीकरण गर्दै औद्योगिक करिडोर निर्माण गर्ने ।
१९) बजारमा बाटो-घाटो, धुलो-धुँवा, अव्यवस्थित पार्किङका कारण व्यवसायीले भोग्नु परिरहेको कठिनाईलाई मनन गरी सफा र स्वच्छ शहर बनाउन सरोकारवाला निकायसाग सहकार्य गर्ने र यात्रु प्रतिक्षालय र स्वच्छ खानेपानीको प्रबन्ध मिलाउने ।
२०) उद्योग व्यवसाय क्षेत्रमा हुने गरेका चोरी लगायतका घटनालाई मध्यनजर गरी सडकबत्ती, सीसी क्यामेरा लगायतको व्यवस्था गरी बजारलाई सुरक्षित र भयमुक्त बनाउने ।
२१) नेपाली उत्पादनको प्रबर्द्धन र बजारीकरणका लागि स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको मेला महोत्सव आयोजना गर्नुका साथै उक्त कार्यका लागि आवश्यक स्थानको छनौट गरी जमिन खरिद गरेर प्रदर्शनी स्थल निर्माण गर्ने ।
२२) उद्योग, व्यापार क्षेत्रमा आवद्ध श्रमिक कर्मचारीहरु र उद्योगी व्यवसायीहरुबीच देखिएका भाडा र लोड-अनलोड लगायतका समस्याको समाधान गरी व्यवसायिकमैत्री वातावरण सृजना गर्ने ।
२३) भन्सार कार्यालय, आन्तरिक राजश्व कार्यालय र राजश्व अनुसन्धान लगायतका कार्यालयहरुसाग व्यवसायीका कतिपय समस्याको समाधान गर्न आवश्यक पहल गरी मैत्रीपूर्ण वातावरण तयार गर्ने ।
२४) बजार क्षेत्रलाई सफा, सुन्दर बनाउन हरित नगर निर्माणका लागि स्थानीय सरकारसँग सहकार्य गर्ने बजार क्षेत्रमा भित्रिएका मालबस्तुहरुलाई लोड-अनलोड लगायतमा देखिएका कठिनाईलाई व्यवस्थित गोदामको प्रबन्ध मिलाउन पहल गर्ने ।
२५) सुदुरपूर्वमा अवस्थित यस बिर्तामोड नगर पहाडी जिल्लाहरुसागको अब्बल व्यवसायिक केन्द्र भएकाले विशेष गरी कृषिजन्य उत्पादनलाई सहज बिक्री वितरण केन्द्रको रुपमा विकास गर्न आधुनिक कृषि मण्डी निर्माण गर्ने।
२६) कृषि उत्पादनमा जोड दिन यस क्षेत्रका कृषकलाई समयमा नै मलवीऊको व्यवस्था गरी कृषिको व्यवसायीकरणमा जोड दिने ।
२७) बसपार्क तथा साना गाडीहरुको पार्किङलाई व्यवस्थित गर्न स्थानीय सरकारसँग सहकार्य गर्ने ।
२८) यस क्षेत्रका सामाजिक, शैक्षिक तथा व्यवसायिक संस्थासाग सहकार्य गरी उद्योग व्यवसाय मैत्री वातावरणसहितको बिर्तामोडको दिगो विकासका लागि अभियान सञ्चालन गर्ने
२९) उद्योगी व्यवसायीबीचको एकतालाई सदैव प्राथमिकता दिने ।
३०) बजारको अवस्थालाई मध्यनजर गरी स्थानीय सरकारसंगको समन्वयमा सार्वजनिक शौचालय व्यवस्थापन गर्ने ।
३१) प्रत्येक व्यवसायिक सदस्य फर्महरुलाई वीमा गरिने ।
३२) बिर्तामोड उद्योग वाणिज्य संघको व्यवसायिक राहत कोषमा थप पुजी व्यवस्थापन गरी आपतमा परेका व्यवसायीहरुलाई राहत प्रदान गर्ने ।
३३) बिर्तामोड उद्योग वाणिज्य संघलाई समग्र झापा जिल्लाकै व्यवसायिक सूचना केन्द्रको रुपमा विकास गरिनेछ ।

व्यवसायीहरुको हकहितका लागि सदैव प्रतिबद्ध, क्रियाशील र समर्पित नेतृत्व चयन गरौं ।
बिर्तामोड उद्योग वाणिज्य संघ
(मतदान स्थल अग्रसेन भवन, बिर्तामोड)
- निर्वाचन परिचालन तथा चुनाव प्रचारप्रसार समिति

प्रधानमन्त्रीले तत्काल राजीनामा दिनुपर्छः यादव

बिर्तामोड, फागुन १४। जनता समाजवादी पार्टी नेपालका केन्द्रीय अध्यक्ष उपेन्द्र यादवले प्रधानमन्त्री केपी शर्मा ओलीले नैतिकताको आधारमा तत्काल राजीनामा दिनुपर्ने बताएका छन् ।

जनता समाजवादी पार्टी, नेपाल झापा जिल्ला समन्वय समितिको आयोजनामा बिर्तामोडमा भएको अगुवा कार्यकर्ता भेटघाट तथा पार्टी प्रवेश कार्यक्रममा उनले यस्तो बताएका हुन् ।

प्रतिनिधिसभा विघटनलाई बदर गर्दै संसद पुनर्स्थापना गर्न सर्वोच्च अदालतले आदेश दिएकाले प्रधानमन्त्री ओलीले एक मिनेट पनि कुर्सीमा बस्न नहुने बताउँदै उनले नैतिकता छ भने तत्काल राजीनामा दिन प्रधानमन्त्री ओलीलाई आग्रह गरे ।

जनता समाजवादी पार्टी, नेपाल झापा जिल्ला समन्वय समितिका अध्यक्ष दिपेनवाला राईको अध्यक्षतामा भएको कार्यक्रममा अर्का अध्यक्ष अनुतसिंह राजवंशीले स्वागत गरेका थिए ।

कार्यक्रममा बरिष्ठ नेता अशोक राई, कार्यकारिणी सदस्य शरदसिं भण्डारी, युवराज कार्की, सुशीला श्रेष्ठ, राष्ट्रिय जनता पार्टीका प्रदेश नं. १का अध्यक्ष फक्तालुङ योङ्हाङ, जनता समाजवादी पार्टीका प्रदेश नं. १ का अध्यक्ष प्रवीण चाम्लिङ, जनता समाजवादी पार्टीका केन्द्रीय सदस्य सूर्यनारायण गणेश, देउकुमार नेम्वाङलगायतले शुभकामना मन्तव्य राखेका थिए । सोही कार्यक्रममा एक सयभन्दा बढी जनता समाजवादी पार्टी नेपालमा प्रवेश गरेको बताइएको छ ।

'सरकारको नेतृत्व परिवर्तन हुँदैन'

झापा, फागुन १४। प्रदेश नं. १ का मुख्यमन्त्री शेरधन राईले केन्द्र सरकारको नेतृत्व परिवर्तन नहुने बताएका छन् । रुम्जाटारमा यातायात व्यवस्था कार्यालयको शुक्रवार उद्घाटन गर्दै मुख्यमन्त्री राईले तत्काल सरकारको नेतृत्व परिवर्तन नहुने दावी गरे ।

सर्वोच्च अदालतले प्रतिनिधिसभा ब्युँताउने फैसला गरे पनि नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एउटा समूहबाहेक अन्य दलको साथ लिएर प्रधानमन्त्री केपी शर्मा ओलीले नै सरकारलाई निरन्तरता दिने बताउँदै उनले प्रतिनिधिसभा विघटन गर्ने सरकारको निर्णय बदर गर्ने अदालतको फैसलाले सरकारविरोधी समूहलाई सहयोग पुगेको आरोप लगाए । बहुमतप्राप्त प्रधानमन्त्रीले अराजकतालाई परास्त गर्न संसद् विघटन गरेर चुनावमा जाने निर्णय गरे पनि अदालतले त्यो निर्णय उल्टाएर अराजकतालाई प्रश्रय दिएको उनको भनाइ थियो ।

हामी अदालतको फैसला मान्छौं तर यसले मुलुकलाई निकाश दिँदैन । अझ अराजक तत्वलाई बल पुग्छ- उनले भने- मुलुकलाई फेरि पनि ओलीले नै नेतृत्व गर्नुहुनेछ । 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकांक्षा उहाँकै नेतृत्वमा पूरा गर्ने अठोटका साथ अघि बढेका छौं ।

कार्यक्रममा प्रदेश नं. १ का भौतिक पूर्वाधार विकास राज्यमन्त्री अम्बिरबाबु गुरुङले संघीयताले नागरिकलाई घरदैलोमा सेवाको पहुँच पुर्‍याएको बताए । दुर्गम पहाडी जिल्लामा सार्वजनिक सेवा प्रवाह गर्ने कार्यालय स्थापना गरेर सबै जिल्लाका नागरिकलाई सहज सुविधाको व्यवस्था गरिएको उनको भनाइ थियो ।

कार्यालय स्थापनासँगै सवारी लाइसेन्स, दर्ता, नवीकरणलगायत सबै काम ओखलढुङ्गाबाट हुनेछ । यसअघि यातायातसम्बन्धी सामान्य कामका लागि पनि प्रदेश नं. २ को लहान, इटहरी वा राजधानी काठमाडौं पुग्नुपर्ने बाध्यता थियो ।

गौरादहका ...

बजार, डिपु चौक हुँदै नगरपालिका कार्यालय अगाडि धर्ना दिएका थिए ।

आर्थिक वर्ष २०७७/०७८मा छैठौं नगरसभाबाट पारित शिक्षा बजेट अन्तर्गत नगरपालिकाले बाल शिक्षक र कर्मचारी प्रोत्साहन भत्ता, विद्यालय कर्मचारी निवृत्त प्रोत्साहन भत्ता, अंग्रेजी शिक्षक व्यवस्थापन प्रावि तह स्वयम्सेवक र प्ले ग्रुप कक्षा व्यवस्थापनलगायत १३ बुँदे माग राख्दै महासंघले धर्ना दिएको हो ।

गौरादह नगरपालिकाभित्र रहेका ३२ वटा सामुदायिक विद्यालयका शिक्षकहरू हाजिरी पुस्तिकासहित धर्नामा सहभागी भएका थिए । उनीहरूले धर्नास्थलमै हाजिर गरेका थिए । शिक्षकहरू धर्नामा गएपछि गौरादह नगरपालिकाको सबै सामुदायिक विद्यालयहरूमा पठन-पाठन ठप्प रह्यो ।

नगरपालिकाले बाल शिक्षक र कर्मचारी प्रोत्साहन शीर्षकमा १४ लाख ४० हजार रूपैयाँ, विद्यालय कर्मचारी निवृत्त प्रोत्साहन शीर्षकमा ४ लाख रूपैयाँ, २० जना अंग्रेजी शिक्षक प्रावि तह (स्वयम्सेवक) शीर्षकमा ३९ लाख रूपैयाँ र प्ले ग्रुप कक्षा व्यवस्थापन शीर्षकमा ८ लाख रूपैयाँ कटौती गरेको छ ।

गौरादह शिक्षक महासंघका अध्यक्ष बाबुराम भण्डारीले नगरपालिकाले हालसम्म नगर शिक्षा समिति गठन नगरेको हुँदा प्रचलित कानून बमोजिम नगर शिक्षा समिति तुरुन्त गठन गर्नुपर्ने माग गरेका थिए ।

नगरको शैक्षिक गुणस्तरमा नगरपालिका सजग रहेको बताउँदै शिक्षामा नगरपालिकाको छैठो नगर सभाबाट १ करोड ८६ लाख रूपैयाँ छुट्याएको गौरादह नगरपालिकाका प्रमुख रोहितकुमार साहले जानकारी दिए ।

धर्ना कार्यक्रममा नेपाल शिक्षक महासंघका अध्यक्ष बाबुराम भण्डारी, नेपाल शिक्षक संगठन गौरादहका अध्यक्ष लीला गौतम, शिक्षक संघ गौरादहका अध्यक्ष रत्न कटुवाल, प्रगति माविका प्रअ डिल्लीराम अधिकारी, जनता माविका प्रअ हरि अधिकारी, मोती माविका कर्मचारी हरि ढकाल, बालशिक्षक भगवती भण्डारीलगायतले बोलेका थिए भने सञ्चालन महासंघका सचिव पुण्य मिश्रले गरेका थिए ।

लेखा शाखामा ताला

गौरादह नगरपालिकाको लेखा शाखामा कर्मचारी नभएपछि ताला लगाइएको छ । लेखाशाखाका सहलेखापाल गणेश भट्टराई प्रसूति स्याहार विदामा र कार्यालय सहयोगी कार्यालयकै काम विशेषले आन्तरिक राजश्व कार्यालय दमक गएपछि लेखाशाखामा ताला लगाइएको छैठौं अधिकृतस्तर कर्मचारी प्रज्ज्वल अधिकारीले जानकारी दिए ।

लेखा शाखाका सहलेखापाल भट्टराई विहीवारदेखि १५ दिनसम्म प्रसूति स्याहार बिदामा घर बसेका हुन् । लेखाशाखा बन्द भएपछि सेवाग्राही मारमा परेका छन् ।

त्यसैगरी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र भट्टराई पनि कार्यालयमा थिएनन् । उनी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको ३ दिने तालिमका लागि विराटनगर गएको जनाइएको छ ।

आफ्नै ...

पार्टी सञ्चालन गर्दै आएका छन् ।

प्रचण्ड-नेपाल समूहले साविक अध्यक्ष चिन्तन पाठकलाई अध्यक्ष अस्वीकार गर्दै वेदराज रेग्मीलाई अध्यक्ष बनाएपछि प्रधानमन्त्री ओलीको जिल्ला झापामा नेकपाका दुई अध्यक्ष बनेका हुन् । वेदराज अध्यक्ष बनेसँगै उनले पनि नेकपाको दाहाल नेपाल समूहलाई चलायमान बनाएर लगेका छन् ।

झापाका पुराना कम्युनिष्ट नेताका रुपमा रहेका रेग्मी यसअघि नेकपाको प्रदेश कमिटी सदस्य थिए । उनी पार्टीभित्र अवसर नपाएका नेताका रूपमा चिनिन्छन् ।

नेकपाका जिल्ला अध्यक्ष पाठक ओली पक्षमा लागेपछि प्रचण्ड-नेपाल समूहले रेग्मीलाई नयाँ अध्यक्ष बनाएको हो । रेग्मी र पाठक दुवै पूर्वएमाले हुन् । सचिवमा भने तत्कालीन नेकपाका जिल्ला सचिव मणिकुमार साम्पाङलाई प्रचण्ड-नेपाल समूहले निरन्तरता दिएको छ । साम्पाङ पूर्वमाओवादी हुन् ।

प्रधानमन्त्री ओलीले प्रतिनिधिसभा विघटन गरेसँगै विभाजित भएको नेकपा प्रचण्ड-नेपाल समूहले भागवण्डाका आधारमा ६७ जिल्लाका अध्यक्ष र सचिव चयन गरेको हो । १० जिल्लामा पनि छिट्टै नेतृत्व चयन गरिने प्रचण्ड-नेपाल समूहले जनाएको छ ।

राहदानी हरायो

काठमाडौंको बसन्तपुरबाट चावेल जाने क्रममा यही मिति २०७७।१०।२६ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

नाम:-फूर्वा तामाङ
ठेगाना:- कनकाई–७, झापा
साविक ठेगानाः घैलाडुब्बा–१, झापा
राहदानी नं.:- ०६८२५६३५
मो. ९८१८१६७९०७

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

आकर्षक घडेरी बिक्रीमा

झापाको अर्जुनधारा–९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ४२ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारिक प्रयोजनको लागि भिटाहरु एकमुष्ठ वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।

नोटः जम्मा जग्गाको क्षेत्रफल १६ कठ्ठा १३ धुर रहेको छ ।

पुनश्चः बाटोको भाग पिच सेन्टरबाट २६ फिट कट्टा गरी दिइनेछ ।

सम्पर्क : नरेश श्रेष्ठ (९८४२६२४१५०/९८१७०२१८५५)

कर्मचारी आवश्यकता

यस हस्पिटलका लागि निम्नानुसारका कर्मचारीहरुको आवश्यकता भएकाले योग्यता पुगेका इच्छुक व्यक्तिहरुले यही २०७७ फागुन २८ गतेसम्ममा निवेदन पेश गर्नुहोला ।

सेवा/समूह	पद/नाम	१० शैय्या
१	फिजिसियन	३
२	सर्जन	३
३	बालरोग विशेषज्ञ	३
५	स्त्री रोग विशेषज्ञ	३
७	प्याथोलोजिष्ट/बायोकेमिष्ट/माइक्रोबायोलोजिष्ट	१
८	मेडिकल टेक्नोलोजिष्ट	१
९	ल्याब टेक्निसियन	२
१०	ल्याब असिस्टेन्ट	२
११	रेडियोलोजिष्ट	१
१२	रेडियोग्राफर/रेडियोग्राफिक अधिकृत	१
१८	एनेस्थेसिष्ट	२
१९	मुटुरोग विशेषज्ञ	२
२०	स्नायुरोग विशेषज्ञ	२
२१	मेडिकल अफिसर	१२
२२	मे.सु/निर्देशक	१
२३	मेट्रोन	१
२४	सहायक मेट्रोन	२
२५	सिष्टर	५
२६	स्टाफ नर्स	२५
२७	अनमी	१
२८	हे.अ./सिअहेब	८
२९	अहेब	१
३०	फिजियोथेरापिष्ट	२
३१	दन्त सहायक	३
३४	हाउस किपर	२
३५	मेडिकल रेकर्डर	२
३६	अस्पताल प्रशासक	१
३७	सहायक प्रशासक	१
३८	लेखा अधिकृत	१
३९	लेखापाल/ स.लेखापाल	१
४०	रिसेप्सनिष्ट	१
४१	स्टोर किपर	१
४२	फर्मासिष्ट	४
४३	इसीजी टेक्निसियन	३
४४	डाइटिसियन	१

सम्पर्कः **कञ्चनजंगा टिचिङ हस्पिटल**, बिर्तामोड–२, झापा
मो. ९८४९०४८३६५, ९८०४९६७५९२

कर्मचारी आवश्यकता

द ग्रीन प्यालेस होटल बिर्तामोडका लागि निम्न अनुसारका कर्मचारी चाहिएकोले इच्छुकले तु–सम्पर्क गर्नुहोला ।

मेनेजरः १ जना
वेटरः २ जना
कुक मास्टर सेभः १ जना
तलबः आपसी समझदारीमा

सम्पर्क नं. ०२३–५४४९०३, ९८५११२४५९२, ९८६०५३७४८८, ९८४४०७७७५१

हाइवा टिपर चालकको आवश्यकता

मोरङको विराटनगरस्थित एक निर्माण कम्पनीलाई दुई जना अनुभवी र दक्ष हाइवा टिपर चालकको आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिले तु–सम्पर्क गर्नुहोला । **मासिक तलब ४० हजारसहित खाना तथा बस्नेको व्यवस्था पनि छ ।**

सम्पर्क नम्बर : ९८५२६५५०३९

बिर्ता आयुर्वेद एण्ड फजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

दैनिक डाक्टरबाट OPD, पायल्स, फिसर, फिस्टुलाको क्षारसुत्र विधिद्वारा उपचार हाडजोर्नी, नशा, पारालाइसिस, मसाजद्वारा उपचार ।

सम्पर्क : ९८०६०००३१३/०२३–५९०१६६

कर्मचारी आवश्यकता

नेपाल सरकारद्वारा सञ्चालित आमा सुरक्षा कार्यक्रम यस अञ्जली हस्पिटल प्रा.लि.मा शुरु हुन गइरहेको हुँदा उक्त सुरक्षा कार्यक्रमको लागि निम्न अनुसार कर्मचारी आवश्यक परेकोले इच्छुकले तु–सम्पर्क गर्नुहोला ।

पद	संख्या
पद : एनेस्थेसीया टेक्नीसीयन	संख्या : १ जना
पद : ओटी नर्स	संख्या : २ जना
पद : स्टाफ नर्स वा अनमी	संख्या : ५ जना

(SBA Traning लिएकालाई विशेष प्राथमिकता)
तलब : आपसी समझदारीमा
सम्पर्क : सूचना प्रकाशित भएको मितिले एक हप्ताभित्र ।

सम्पर्क : **अञ्जली हस्पिटल प्रा. लि.**,
बिर्तामोड, झापा (**फोन** : ०२३–५४४७००, ९८५२६७४८०५)

कर्मचारी आवश्यकता

झापाको अर्जुनधारा–७स्थित यस लंका रिसोर्टलाई निम्न अनुसारका कर्मचारी आवश्यकता परेको हुँदा इच्छुक महानुभावले तु–सम्पर्क गर्नुहोला ।

पदः वेटर संख्याः ५ जना
तलबः आपसी समझदारीमा
नोटः सम्बन्धित काममा दक्ष हुनुपर्नेछ ।

सम्पर्कः ९८०६०७४०५७, ९८०४९२५२३५

होटल हेभन ग्राण्ड, बिर्तामोड

Booking Open

हाम्रा सेवा

१) लज
२) पार्टी हल
३) मिटिङ हल
४) पर्याप्त पार्किङ
५) राष्ट्रिय अन्तर्राष्ट्रिय पेय पदार्थ

सबै प्रकारका कार्यक्रमका लागि बिर्तामोडको उत्कृष्ट होटल हेभन हामीलाई सम्झनुहोस् ।

न्यूनतम् मूल्यमा अधिकृतम् सुविधा ।

सबै सेवा सुविधाहरू अब एकै ठाउँमा

सम्पर्कः ०२३–५४०६२५
९८५२६७८२९९

निर्माण व्यवसायी संघको अपिल

उम्मेदवारी
क्र.सं. २

गोविन्द कार्की
सदस्य

यही मिति २०७७ साल फागुन १६ गते हुन गइरहेको बिर्तामोड उद्योग वाणिज्य संघको निर्वाचनमा संयुक्त व्यवसायी प्यानलका सदस्य पदका उम्मेदवार निर्माण व्यवसायी संघ झापाका साधारण सदस्य जेनिसा निर्माण सेवाका प्रोपाइटर **गोविन्द कार्की**लाई आफ्नो अमूल्य मत दिई अत्यधिक बहुमतले विजयी गराइदिनुहुन सम्पूर्ण निर्माण व्यवसायी, उद्योगी, व्यवसायीहरुलाई हार्दिक अनुरोध गर्दछौं ।

निर्माण व्यवसायी संघ झापा परिवार

तीन पाउ भूमि दिंदा बली राजा अमर भए
ठूलो पुण्य गर्नुभयो पितृहरु स्वर्ग गए

भूमि दान, महाअभियान

अर्जुनधारा जलेश्वरधाम आज धार्मिक धरोहर मात्र नभई नेपाल सरकारको पर्यटन बोर्डमा समेत सूचीकृत भइसकेकोले धार्मिक एवम् पर्यटकीय क्षेत्रको बृहत् गुरुयोजनालाई अगाडि बढाउँदै विविध संरचना निर्माण गर्ने क्रममा भूमि पर्याप्त नभएकाले आवश्यक भूमि लिने क्रममा छौ । उक्त महान कार्यको लागि भूमिदानको व्यवस्था गरिएको छ । श्रद्धेय भक्तजनमा सबैलाई सहज हुने गरी न्यून्तम् एक भक्तजनले १ वर्ग फिट भूमिदान गरी यो महान अभियानको सदस्य बनौं ।

गुरु योजना

वर्गफिट	रकम
१ वर्ग फिट	३५०
३ वर्ग फिट	१,०५०
६ वर्ग फिट	२,१००
९ वर्ग फिट	३,१५०
१५ वर्ग फिट	५,२५०
२१ वर्ग फिट	७,३५०
३१ वर्ग फिट	१०,८५०
५१ वर्ग फिट	१७,८५०
१०१ वर्ग फिट	३५,३५०
१५१ वर्ग फिट	५२,८५०
५०१ वर्ग फिट	१,७५,३५०
१००१ वर्ग फिट	३,५०,३५०
१५०० वर्ग फिट	५,२५,०००

सहयोगको सुविधाका लागि
श्री अर्जुनधारा जलेश्वरधाम
अर्जुनधारा नगरपालिका–७, झापा

सम्पर्क नं.: ०२३–४६५२५५ (कार्यालय)
९८४२७०६०८३ (गुरु), ९८४२७३१९०५ (का. सचिव

एक्सेल डेभलपमेन्ट बैंक लि.
खाता : श्री अर्जुनधारा जलेश्वर धाम
खाता नं 00700200038334000002

राष्ट्रिय वाणिज्य बैंक लि.
खाता : श्री अर्जुनधारा जलेश्वर धाम
खाता नं 262000447810(S4478)

अन्तर्राष्ट्रिय सहयोगदाताहरुको लागिः SWIFT CODE: RBBANKPKA

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन [redacted] शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधि जार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन Email: purwanchal2052@gmail.com

समावेशीकरणको यात्रामा एउटा अभियान:

पूर्वाञ्चल दैनिकद्वारा प्रकाशित लिम्बू भाषा (किरात सिरिजङ्गा लिपी)

समावेशी नेपाल

[illegible]

[illegible]

[illegible]

[illegible]

[illegible]

[illegible]

[illegible]



[illegible]

[illegible]

[illegible]

किरात याक्थुङ चुम्लुङ जिल्ला कार्य समिति झापाको संयोजनमा सम्पादित **लिम्बू भाषा खण्ड**को लागि सम्पादक **सेसेहाङ् फियाक लिम्बू** (९८०७९१२०६६), सह-सम्पादक **सेसेमी सेनाल्बो** (९८१८७१०७४३), **डिल्लीश्वर मुसाहाङ अम्याङ्सा** (९८१७३०४०८०) ।

कविता

जीवन : फरक दृष्टि

राजेश ढुंगाना

तिमीले
सबै थोक भोगेर
तिम्रो निष्कर्ष थियो -
जीवनको अर्थ
केही पनि रहेन छ

मैले
केही पनि नभोगी
म कसरी भनौं
जीवनको अर्थ केही पनि
होइन रहेछ !
र, मुस्कान पनि होइन रहेछ

घाउ भएर मेरो हातमा
निस्केको पीपमाथि
निरन्तर मेरी प्रेमिका
सदैव
लामो चुम्वन गर्थिन्
तब म कसरी भनौं
जीवन केही पनि होइन रहेछ !
जीवन मुस्कान पनि होइन रहेछ !!

भद्रपुर, झापा

हाउस हसबेण्ड

रामबाबु सुवेदी

'ए बाबा। म अफिस गए है।'

'हुन्छ नानी। बिस्तारै जाउ है।'

'सुन्नुहोस् न हिजो स्कुटीको चाबी कता राखे ?' जुत्ता र्‍याकमा किरिङ्ग होल्डरमा चाबी नभेटेर सोध खोज गर्छिन् नैना।

'ए पर्ख है। बिर्सेर हिजो भान्सामा लगेको थिए सायद। म ल्याइदिहाल्छु एकछिन बस है' प्रेम हतार हतारमा सिढी चढदै चाबी लिएर ओर्लिन्छन्। फिस्स हाँस्दै नैना मायाले भरिएको आँखाले बिदा माग्दै मास्क र हेल्मेट लगाई स्कुटर सफा गर्न थाल्छिन्।

मोबाइल हातमा दिँदै- 'यहाँभित्र तिम्रो मोबाइल छुटेछ नानी। एकैछिन है गेट खोल्दिन्छु म।' प्रेम हँसिलो मुहारले नैनालाई बिदा गर्छन्। च्वाइँ... खिया लागेकाले आवाज निकाल्दै गेट खुल्छ। नैना पुनः प्रेमलाई हेर्दै 'मेरो हाउस हसबेण्ड' भन्दै भुटुटु आवाज निकाल्दै स्कुटर अगाडि बढाउँछिन्। प्रेम गेट लगाएर ढोका बन्द गर्दै भित्र कोठामा प्रवेश गर्छन्।

'अहो ! मेरो त क्लास छ। अनलाईनमा जान भुसुक्क बिर्सेछु।' १०:१५ देखाइसकेको घडी हेर्दै आफै फत्फताउन थाल्छन्। कोठामा एक कुनामा सेतो बोर्ड राखिएको छ। छेउमा एउटा मार्कर, डस्टर अनि अगाडि क्यामेरा स्टेण्ड बनाउन एउटा कुर्सी माथि सिरानी राखिएको छ। मोबाइल अडाएर र ल्यापटपबाट पढाउन मिल्ने गरी टेबल तयार पारिएको छ। खुल्ला कोठामा प्रशस्त हावा र सूर्यको प्रकाश छिर्ने झ्याल छ। प्रेम आफ्नो फर्मल शर्ट पेन्टमा टक्क सजिएर बस्छन्।

'गुड मर्निङ्ग माई डियर स्टुडेन्ट... सरी आई गट लेट टुडे ड्यु टु सम टेक्निकल डिफ्फिकल्टिज।' उनको क्लास शुरु हुन्छ। करिब १२ बजे उनको दुई पिरियड लिएर मुस्कानका साथ बाहिर निस्कन्छन्। 'अहो ! मेरो त कपडा सुकाउनु छ। मेशिनमा हालेको थियो। यस्तो चर्को घाम लागेको छ फेरि अहिले सुकाइएन भने यो जाडोमा सुक्न टाइम लाग्छ।'

प्रेम हतारले वासिङ्ग मेशिन भएको स्थानमा पुग्छन् अनि एउटा बास्केटमा चिसा कपडा निकाली छतमा लिएर जान्छन्। काठमाडौंको व्यस्त शहरमा घर भए पनि प्रेमको घरबाट पारीको दृश्य लोभलाग्दो देखिन्छ। उपत्यका वरिपरि पहाड उत्तरमा हिमाल, पश्चिममा स्वयम्भू, दक्षिणमा चन्द्रागिरी र दक्षिणकाली अनि पूर्वमा कंक्रिटका घरहरु। उनलाई नियमित यी कार्य गर्दा समय लाग्दैन, कपडा सुकाउँछन् र क्लिपले च्याप्दै हावालाई कपडा उडाएर देखाउन चुनौति दिन्छन्।

कथा

तल ओर्लिएर उनी तातो पानी खान थर्मस खनाउँदा पानी सकिएकाले खानेपानी इलेक्ट्रिक किट्लीमा बसाउँछन्। भान्सामा अलिक व्यवस्थापन गरी उनी अघि नैनाले मोलेर राखेको भाडाकुडा मिलाएर राख्छन्। पानी उम्लिएपछि बन्द गर्दै बैठकमा बसी टिभीमा ताजा वर्तमान घटनाक्रम नियाल्छन्। दिउँसो खाजा बनाई खाएपछि घर चिटिक्क सफा पार्दै उनी दिनभरिको कामको बिट मार्छन्।

नैनालाई बेला-बेला फोन गर्दै खाजा पानी राम्ररी गर्न मायालु भावमा सम्झाउँछन्। नैना अफिसमा व्यस्त भएकीले उनीहरुको दैनिक धेरै फोनमा कुराकानी हुँदैन। साझ झमक्क परेपछि नैना आउने बाटो हेर्दै प्रेम बेलाबखत बाटोमा नजर डुलाउँछन्। बेलुकी सब्जी तरकारीको व्यवस्था गर्न कहिलेकाही प्रेम आफै दौडिन्छन्। प्रायः एकमुष्ठ किनमेल गर्दै हप्ताभरिको राशन स्टोर गरेका हुन्छन् उनीहरु।

सूर्यले दिनलाई बिदा माग्दै पश्चिममा अस्ताउन तयार हुन्छ। गोधुली साझले आकाश रातो रातो भएर मन लोभ्याउँछ, आकर्षण गर्छ र बिस्तारै पूर्वमा चन्द्रमा मधुरो बनिँदै देखिन थाल्छ। ताराहरु बिस्तारै देखिन थाल्छन्। प्रेमले सबै कोठा अनि बरण्डाको बत्ती बाली सन्ध्याकालीन पूजा गर्छन्। त्यसपश्चात् नैनाले ढिला गर्ने अनुमान लाउँदै उनी आउनु अगाडि प्रेम खाना पकाउन भान्सामा जान्छन्। यत्तिकैमा फोन बज्छ।

'बाबा म आउन ढिला हुन्छ है। केही नगर्नु म आएर पकाउँछु।' नैनाले यति भन्दै फोन राखिन्। प्रेम खाना बनाएर सबै हटकेसमा राख्छन्। अनि टिभी हेर्दै बस्छन्। राति ८ बज्दा बल्ल ढोकाको घण्टी बज्छ (टिङ्टोङ्ग)। प्रेम हतारिँदै गएर ढोका खोली नैनालाई स्वागत गर्न पुग्छन्।

'अहो स्कुटी आएको थाहा पाइन मैले। टिभीको आवाज ठूलो थियो। धेरै समय त कुर्नु परेन नि नानी ?'

'छैन बाबा ! आज ढिला भयो अनलाइन केही अर्डर गरि खाउ न है।' जुत्ता खोल्दै नैना थकित स्वरमा भन्छिन्।

'हुन्छ नानी। पहिला माथि जाउ हिँड फ्रेस हुनु अनि चिया खाउला अनलाइन अर्डर अनि दिनुपर्छ है' -मुसुमुसु हाँस्दै प्रेम कपाल सुम्सुम्याउँछन्। 'हस बाबा। थेन्क यू फर योर कम्पनी। म माथि गए है। गेट लगाइदिनु न।'

नैना फ्रेस भएर ड्रेस चेन्ज गरी माथि बैठकमा जान्छिन्। प्रेम भने टिभी हेर्न ब्यस्त रहन्छन्।

'आज त हेक्टिक वर्क सेड्युल थियो। हाई प्रेसर वर्क। सरी बाबा म बिचमा केही सोध्न र बोल्न पाइन। के मगाउने ? हजुर मगाउनु म कफी बनाउँछु' नैना प्रेमको छेउमा थकित शरीरलाई विश्राम गर्न बस्दै भन्छिन्।

प्रेम मौन बनी मोबाइल हातमा खेलाउँदै बस्छन्। एकैछिनमा भान्सामा नैना पसेर नियाल्दा छक्क पर्छिन्। हँसिलो मुद्रामा प्रेमको समीप आएर बस्छिन् र हात समाउँदै भन्छिन्- 'बाबा मेरो मास्टर सेफ, मेरो हाउस हसबेण्ड तिमी मलाई किन यति धेरै माया गर्छौ ?'

प्रेम फिस्स हाँसेर नैनाको कपाल सुम्सुम्याउँदै भन्छन्- 'तिमी म भनेको बराबरी हो नि। तिमी हाउसवाइफ हुन सक्छौ भने म हाउस हसबेण्ड किन हुन सक्दिनँ ? नानी भोक लाग्यो अब जाउ खाना खाउ।'

दुबै भान्सामा खाना पस्किन थाल्छन्। नैना जस्तै भाग्यमानी धेरै जना छैनन्। सोच बदलौ परिवर्तन आफै आउनेछ। श्रीमतिलाई थोरै भएपनी काममा साथ दिएर असल हाउस हसबेण्ड बन्ने कि ?

ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

कर्मचारी आवश्यकता

यस ग्रीन मार्ट प्रा. लि. लाई निम्न अनुसार कर्मचारी चाहिएकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला।
पद : मार्केटिङ्ग मेनेजर
संख्या : केही
योग्यता : S.E.E, SLC पास
तलब : १५,०००/-

ग्रीन मार्ट प्रा. लि.
बिर्तामोड : ९८६६६७२५७९, ९८२९३१८८७९६
दमक : ९८१५०५७५९५, ९८०७९२५९६५

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला

हिन्दी चलचित्र
Chakra-ka-rakshak
पहिलो शो ११:४५ । दोस्रो शो २:४५ । तेस्रो शो ६:३०
बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ। (फोन नं. ०२३-५४६४३६)

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।

सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

टाटा सुमो गाडी भाडामा चाहिएमा

बिर्तामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला।
मो. ९८१५९५२४९९/९८४१३२१४६४

सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रबों (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।
'चट्ट फोन झट्ट सेवा'

सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

कर्मचारी आवश्यकता

२० बर्षमाथि ५० बर्षसम्म उमेर भएका महिला/पुरुष सिभिल (भूपू प्रहरी) आर्मीलाई विशेष ग्राह्यता) सेक्युरिटी गार्डको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला।
महिला: १० जना पुरुष: २० जना
तलब: आपसी समझदारीमा
कार्यक्षेत्र: झापा जिल्लाभर

पर्फेक्ट सेक्युरिटी सेन्टर
सिटी सेन्टर पूर्व, देवी क्याम्पस चोक
मो ९८४२६२५०२०, ९८०४७७१५६८

कनकाई पोलिटेक्निक इन्ष्टिच्युट
कनकाई नगरपालिका, झापा
प्रदेश नं. १, नेपाल

सूचना ! सूचना !! सूचना !!!

प्रथम पटक प्रकाशित मिति : २०७७/११/१३

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् CTEVT को आर्थिक सहयोगबाट यस कनकाई पोलिटेक्निक इन्ष्टिच्युट मार्फत सञ्चालन हुने तपसिलका विषयहरुमा छोटो अवधिको (३९० घण्टे) निःशुल्क तालिमहरु प्रदान गर्नुपर्ने हुँदा १६ बर्ष पूरा भई ४० बर्ष ननाघेका नेपाली नागरिकहरुले तालिम लिई स्वरोजगारको अवसर प्राप्त गर्नु भई मौकाको फाइदा उठाउन हुन सूचित गरिन्छ।

तालिम सञ्चालन हुने विषयहरु

क्र.सं.	तालिम हुने स्थान	तालिमको विषय	प्रशिक्षार्थी संख्या	अवधि घण्टामा	न्यूनतम शैक्षिक योग्यता
१.	कनकाई पोलिटेक्निक इन्ष्टिच्युट	Light Vehicle Driver 2008	२० जना	३९० घण्टा(६५ दिन)	साधारण लेखपढ
२.		Mobile phone repairer 2012	२० जना	३९० घण्टा	साधारण लेखपढ
३.		Computer Hardware technician 2012	६० जना	३९० घण्टा	साधारण लेखपढ
४.		Junior Building Electrician Revised 2070	२० जना	३९० घण्टा	साधारण लेखपढ

आवश्यक अन्य कागजातहरु
- नेपाली नागरिकताको फोटोकपी १ थान र २ प्रति फोटो

तालिम सम्बन्धी अन्य जानकारी
- महिला, जनजाति र पिछडिएका वर्ग तथा कोभिड-१९ का कारण रोजगार गुमाएकाहरुलाई विशेष प्राथमिकता दिइनेछ।
- तालिम अवधिभर खाजाको व्यवस्था गरिने छ। तालिम पछि CTEVT द्वारा तह १ को सीप परीक्षण (ड्राइभिङ बाहेक) गरी सफल उम्मेद्वारलाई सीपको प्रमाण पत्र दिइनेछ।
- **फाराम वितरण** : २०७७/११/१४ देखि २०७७/११/२३ सम्म
- **अन्तरवार्ता मिति र स्थान** : २०७७/११/१४ गते बिहान १० बजे
- **स्थान** : कनकाई पोलिटेक्निक इन्ष्टिच्युट, दुर्गापुर झापा।

यस सम्बन्धमा थप जानकारी चाहिएमा
9814913974 / 9842672336 / 9804987627 / 023-401017 सम्पर्क गर्नुहुन अनुरोध छ।)

फाराम पाइने स्थान :
१. कनकाई पोलिटेक्निक इन्ष्टिच्युट दुर्गापुर (बिहान ६ बजेदेखि १२:०० सम्म)
२. कनकाई नगरपालिका तथा वडा कार्यलयहरुमा (कार्यलय समयमा)

फाराम कनकाई पोलिटेक्निक इन्ष्टिच्युटको वेवसाइड kpi.edu.np बाट समेत डाउनलोड गर्न सकिने छ।
फाराम बुझाउने स्थान : १. कनकाई पोलिटेक्निक इन्ष्टिच्युट दुर्गापुर (बिहान ६ बजेदेखि १२:०० सम्म)

कतारमा रोजगारको अवसर | १. कम्पनी : HORSES GROUP CO. WLL
शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७७/११/०७ चलानी नं.: ८०१५४७२९ LT. No.: 236078

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब QR	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Driver (Bike)	100	0	सम्बन्धित काममा दक्ष	1000	३१,८३०	कं.नि. अनुसार	८ घण्टा	६ दिन	कं.नि. अनुसार	छ		२ वर्ष
2.	Waitress	0	10		1300	४१,३७९							
3.	Gen Clean Workers	0	50		1000	३१,८३०							

अन्तर्वार्ता :- सेन्टर पोइन्ट पार्टी प्यालेस बिर्तामोड, झापामा फागुन २० गते (4 Mar. 2021) र मेनपावर कार्यालय, काठमाडौंमा फागुन २५ गते (9 Mar. 2021)मा हुनेछ।

नोट: यसभन्दा अगाडि जाने BIKE Driver ले २५00 भन्दा माथि कमाई गरिरहेका छन्।

Om International Human Resources Pvt. Ltd.
Lic No.: 1437/074/075 | Tokha-05, Basundhara, Kathmandu
Mobile No.:9842716845 , 9815933303 , 9823347569, 9804916631 & 9824036275

SAUDI ARABIA मा Driver हरुलाई रोजगार

कम्पनी: **Al Ajeer Recruitment Company(ARCO).**

पुनः विज्ञापन। पूर्व स्वीकृती मिति: २०७७/११/१० चलानी नं. ८६९ LT No.: 226074

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Small Transport Car Driver	08	[illegible]	1700	५२,६६२।-	कं.नि. अनुसार	८ घण्टा	६ दिन	कं.नि. अनुसार	छ		२ वर्ष
२.	Truck Driver	18		1900	५८,८५७।-							

❖ English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ। ❖ उमेर २२ वर्ष देखि ३५ वर्ष
❖ Nepali र GCC License भई Sales सम्बन्धि ज्ञान भएका ड्राईभरहरुले सम्पर्क गर्नुहोला।

स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने भिसा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिसा शुल्क कसले दिने र कति लाग्ने	कल्याणकारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
कामदार आफैले	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. १,५००।- कामदार आफैले	रु. ७००।- कामदार आफैले	निःशुल्क

अन्तरवार्ता कम्पनीको प्रतिनिधिबाट २०७७ फागुन १८ गते (Mar.2) सि. पि. होटल बिर्तामोड झापामा हुनेछ।

Al Shahid Overseas Pvt. Ltd. Govt. Lic. No. 1329/074/075
Chandol, Kathmandu, Phone : 01 - 4414440
Jhapa: 9802774865, 9802070865, 9817933335.

ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) - बिछोडिएका आफन्तजनसँग रमाइलो भेटघाट हुनेछ। लोकाचारका पछि लाग्दा अरूले फाइदा उठाउन सक्छन्।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) - मानसम्मान प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्नेछ। तापनि प्रेम र मित्रताको बन्धन कसिनेछ। परिवारजनको साथले उत्साह जगाउनेछ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) - अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ। अभावको अवस्थाबाट माथि उठ्न निकै प्रयत्न गर्नुपर्ला।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) - वैधानिक प्रावधानले लक्ष्यमा पुग्न अप्ठ्यारो पार्नेछ। अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ। केही चुनौतिहरू देखिनेछन्।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) - काममा सोचेको फाइदा उठाउन नसकिएला। प्रतिस्पर्धी बढ्नाले समस्या थपिएलान्। चिताएका काममा बाधा पुऱ्याउनेहरू प्रशस्तै हुनेछन्।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) - अप्ठ्यारो परिस्थिति सामना गर्नुपर्ला। फजुल खर्चका साथै ठगीमा परिने योग भएकाले होसियार रहनुहोला।

तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) - अध्ययनमा राम्रो उपलब्धि हासिल हुनाले बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ। प्रतिष्ठित काम सम्पादन हुनेछ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) - सेवामूलक कामबाट धनलाभ हुनेछ। स्वास्थ्य सबल रहनेछ। पशुपालन तथा कृषि क्षेत्रबाट पनि राम्रो लाभ मिल्नेछ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) - सन्तान वा अनुयायीले राम्रो साथ दिनेछन्। प[redacted] स्रोत पहिल्याउन सकिनेछ। प्रयत्न गरेका काम[redacted] सम्पादन हुनेछन्।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) - तत्कालको फाइदा हेर्दा परिस्थिति बिग्रन सक्छ। धेरै फाइदा उठाउन नसकिए पनि समस्या सुल्झनेछन्।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) - पहिलेका कमजोरी सुधार गर्ने अवसर प्राप्त हुनेछ। भूमि तथा पशुधनबाट लाभ मिल्नेछ। परिवारमा आमाको माध्यमबाट काम बनाउन सकिनेछ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) - [redacted] आफन्त नजिकिनेछन्। पुरानो सम्झौता भंग [redacted]छ। महत्वाकांक्षी योजना गोप्य राख्नुहोला।